नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं, नेपाल ।

पत्र संख्या:- ०७८/०७९
च.नं.

मिति २०७८/०६/१३

## प्रेस विज्ञप्ति

नेपालको हवाई सेवालाई भरपर्दो र विश्वसनीय बनाई आम नागरिक र पर्यटकको सुरक्षा सुनिश्चित गर्नुपर्ने हुन्छ। विगत केहि वर्ष यता नेपालमा आन्तरिक उडान भर्ने वायुसेवा कम्पनिहरुका हवाईजहाज र हेलिकोप्टरहरुमा विभिन्न समस्याहरु देखापरेको सन्दर्भमा उडान सुरक्षालाई त्रूटि रहित बनाउदै हवाई क्षेत्रको प्रभावकारिता एंव विश्वसनियता थप अभिवृद्धि गर्न हवाई उडानको दौरान हुन सक्ने घटना/दुर्घटना बाट जनधनको क्षतिलाई रोक्न अहिले CAAN र सम्बन्धित कम्पनिहरुबाट भईरहेको Periodic Maintenance, ICAO मापदण्डको परिपालना, Safety Measures र Safety Audit लगायतका विषयहरुको सम्बन्धमा उच्चस्तरबाट थप सघनताका साथ सम्परिक्षण गर्नुपर्ने आवश्यकता देखिएको सन्दर्भमा देहायको कार्यक्षेत्र तथा शर्तहरु रहने गरी ३ महिना भित्र प्रतिवेदन पेश गर्न नागरिक उड्डयन महाशाखाका सहसचिव श्री बुद्धिसागर लामिछानेज्यूको संयोजकत्वमा तपसिल वमोजिमको छानबिन समिति मिति २०७८/०६/१३ को सम्मानननीय प्रधानमन्त्री तथा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीको निर्णयानुसार गठन भएको व्यहोरा सम्बन्धीत सबैलाई जानकारी गराईन्छ।

**तपसिल**

१.संयोजक-श्री बुद्धिसागर लामिछाने, सहसचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय।
२.सदस्य- श्री भेषराज सुबेदी, (पुर्व निर्देशक, CAAN)
३. सदस्य श्री कृष्ण बहादुर पौडेल क्षेत्री (बरिष्ठ क्याप्टेन)
४. सदस्य- श्री प्रमोद नेपाल, सि.ए.टि.सि.अ., संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय।
५. सदस्य सचिव- श्री लक्ष्मण देवकोटा, प्रबन्धक, CAAN

(समितिले छलफलका क्रममा विज्ञहरुलाई आमन्त्रित गर्न सक्नेछ।)

**छानबिन समितिका कार्यक्षेत्र तथा शर्तहरु**

१. नेपालको आकाशमा आन्तरिक तथा बाह्य उडान भर्ने नेपालमा दर्ता भएका हावईजहाज/हेलिकोप्टरहरुको भौतिक, यान्त्रिक र अभिलेखिय अवस्थाको अध्ययन अवलोकन अनुसन्धान गरी प्रत्येक वायुयान सहितको सबै वायुसेवाको सम्परिक्षण गर्ने ।

०७८/३/१३

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं,
नेपाल ।

पत्र संख्याः-
च.नं.

२. ICAO बाट स्वीकृत मापदण्डहरु र वायुयान उत्पादक कम्पनीहरुको म्यानुअलको व्यवस्था वायुसेवा कम्पनीहरुले कार्यान्वयन गरे/नगरेको सम्बन्धमा प्राधिकरणले गरेको परिक्षण प्रतिवेदनको पुनरावलोकन गर्ने ।

३. ईजाजत प्राप्त वायुयान चालक दलका सदस्यहरुको सम्बन्धमा स्वीकृत मापदण्डहरुको पालनाको सम्बन्धमा परीक्षण गर्ने ।

४. नेपाल नागरिक उड्डयन प्राधिकरणले गर्नुपर्ने उडान सुरक्षा सम्बन्धी काम, कर्तव्य र अधिकारको अध्ययन गरी नेपाल नागरिक उड्डयन प्राधिकरणबाट सम्पादित Safety Audit कार्यको गुणस्तरीयता अद्यावधिकता सहितको सम्परीक्षण गर्ने ।

५. माथि उल्लेखित सि.नं. १ र २ बमोजिम छानविन गर्ने क्रममा हवाई सुरक्षा मापदण्डको पालना नभएको पाईएमा त्यस्ता हवाइजहाज/ हेलिकोप्टरको उडानलाई निषेध गरी शर्तहरु पुरा नभएसम्मका लागि भूमिस्थ (Grounded) गर्ने।

६. यस अघिका हवाई दुर्घटना जाँच गर्न गठित समितिले पाए सरहको सुविधा उपरोक्त समितका पदाधिकारीहरुलाई उपलब्ध गराउने।

७. अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

८. समितिको काममा कुनै द्धिविधा वा बाधा अडकाउ परेमा मन्त्रालयको निर्णय अन्तिम हुनेछ।

०७५।३।१२

तारानाथ अधिकारी
सहसचिव एवं प्रवक्ता